# जुगल गाउँपालिका

# स्थानिय राजपत्र

| खण्ड ६ | संख्या १४ | कार्यपालिकाबाट स्वीकृतः— २०८० फागुन २२ |
| --- | --- | --- |

## भाग २(ङ)

## जुगल ग्रामीण आँखा केन्द्र (सञ्चालन तथा व्यवस्थापन )कार्यविधि, २०८०

**जुगल गाउँपालिका**
**गाउँकार्यपालिकाको कार्यालय**
**बराम्ची सिन्धुपाल्चोक**
**बागमती प्रदेश, नेपाल**

# जुगल ग्रामीण आँखा केन्द्र (सञ्चालन तथा व्यवस्थापन )कार्यविधि, २०८०

**प्रस्तावना :** जुगल गाउँपालिकामा आँखा स्वास्थ्य सेवा सञ्चालन गर्ने उद्देश्यले जुगल गाउँपालिका र तिलगंगा आँखा प्रतिष्ठान बिच भएको सहमति पत्र (MOU)बमोजिम कार्यविधि बनाई लागु गरिएको छ ।

## परिच्छेद १
## प्रारम्भिक

**१ नाम र प्रारम्भ :**(१).यस कार्यविधिको नाम जुगल ग्रामीण आँखा केन्द्र (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८० रहनेछ ।

(२.) यो कार्यविधि गाउँ कार्यपालिकाको बैठकले स्विकृत गरेको मिति देखि लागु हुनेछ ।

**२ परिभाषा :** विषय वा प्रसङ्गले अर्थ नलागेमा यस कार्यविधि,

(१)**"कार्यविधि"** भन्नाले जुगल ग्रामीण आँखा केन्द्र (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८० लाई जनाउछ ।

(२) **"अध्यक्ष"** भन्नाले जुगल गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्छ ।

(३) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले जुगल गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

(४)**"स्वास्थ्य शाखा प्रमुख"** भन्नाले जुगल गाउँपालिकाकाको स्वास्थ्य शाखा प्रमुखलाई सम्झनु पर्छ ।

(५)**"केन्द्र"** भन्नाले जुगल ग्रामिण आँखा केन्द्रलाई सम्झनुपर्छ ।

(६) **"समिति"** भन्नाले आँखा केन्द्र सञ्चालन तथा व्यवस्थापन समितिलाई सम्झनु पर्छ ।

(७) **"गाउँपालिका"** भन्नाले जुगल गाउँपालिकालाई सम्झनु पर्छ ।

**३ स्थान :** आँखा केन्द्र जुगल गाउँपालिका वडा नं ५ बराम्चीको चनौटेमा रहनेछ ।

## परिच्छेद २
## सञ्चालन तथा व्यवस्थापन

**४ आँखा केन्द्र सञ्चालन तथा व्यवस्थापन समिति :** १) यस केन्द्र सञ्चालनको लागि देहाय बमोजिम ७ सदस्यीय सञ्चालन तथा व्यवस्थापन समिति रहनेछ।

क० अध्यक्ष सम्बन्धित स्थानिय तहको प्रमुख

ख० सदस्यः सम्बन्धित पालिकाको प्रमुख प्रशासकीय अधिकृत

ग० सदस्यः सम्बन्धित वडाको वडा-अध्यक्ष

घ० सदस्यः प्रतिनिधि( नेपाल आँखा कार्यक्रम-तिलगंगा आँखा प्रतिष्ठान )

ङ० सदस्यः सम्बन्धित पालिकाको स्वास्थ्य शाखा प्रमुख

च० सदस्यःस्थानीय महिला समाजसेवी (अध्यक्ष बाट मनोनित)

छ० सदस्य सचिवः नेत्र सहायक

२)आमन्त्रित सदस्यहरु (स्थानीय तहको पालिका उपाध्यक्ष, अस्पताल/स्वास्थ्य केन्द्र प्रमुख र अन्य बुद्धिजीवी तथा समाजसेवी) व्यवस्थापन समितिले आवश्यकता अनुसार बनाउन सक्ने छ ।

**५. यस समितिको काम, कर्तव्य र अधिकारहरु :**

क० आंखा केन्द्र सञ्चालनको लागि छुट्टै भवन वा कम्तिमा ३वटा(कम्तिमा ३ मिटर चौडाई भएको कोठाको व्यवस्था गर्ने ।

ख० कर्मचारीको दरबन्दी सिर्जना गरि प्रचलित ऐन नियमको अधिनमा रहि केन्द्रमा जनशक्तिहरुको नियुक्ति, सेवा सुविधा निर्धारण र परिचालन गर्न पहल गर्ने

ग० केन्द्र को आर्थिक व्यवस्थापन गर्न पालिकाको नियमानुसार व्यवस्थापन गर्ने ।यस सम्बन्धमा संघीय, प्रादेशिक तथा स्थानीय सरकारले तोकेको ऐन, नियम, नीति निर्देशन लगायत कानुनी दायित्वको वहन गर्ने ।आँखा केन्द्रको लागि छुट्टै बैंक खाता पालिकाको नियमानुसार संचालन गर्ने ।

घ० वार्षिक रुपमा आँखा स्वास्थ्य कार्यक्रम तथा आँखा केन्द्र संचालनको लागि पालिका तथा अन्य स्रोतबाट बजेट व्यवस्थापन गर्न पहल गर्ने ।केन्द्रमा आवश्यक पर्ने थप उपकरण, चश्मा तथा औषधीको लागि तिलगंगा आँखा प्रतिष्ठानसँग समन्वय र सहकार्य गर्ने ।

ङ० केन्द्र बाट सञ्चालन हुने कार्यक्रमहरुको निर्माण, सञ्चालन, अनुगमन तथा मूल्यांकन गर्ने ।

च० केन्द्र को आत्मनिर्भरताको लागि आवश्यक भौतिक पूर्वाधार, केन्द्र तथा कार्यरत कर्मचारीहरुको वृद्धि विकासको लागि श्रोत तथा साधनहरुको व्यवस्था गर्ने, गराउने ।

छ० तिलगंगा आँखा प्रतिष्ठानको शाखा तथा स्वास्थ्य संस्थाहरुमा आँखा स्वास्थ्य सेवा सुधार गर्न आवश्यक समन्वय गर्ने ।

ज० केन्द्र सञ्चालनमा आएको बाधा अड्चन फुकाउने ।

झ० आँखा केन्द्र को दैनिक प्रशासनिक, प्राविधिक, आर्थिक कार्यको अनुगमन तथा मुल्याङकन गर्ने।

ञ० केन्द्रमा भए गरेका प्रगति विवरण मासिक रुपमा स्वास्थ्य शाखा मार्फत वा आँखा केन्द्रले आफैंले तिलगंगा आँखा प्रतिष्ठानको सम्बन्धित शाखा र अन्य सरोकारवाला निकायमा पठाइएको सुनिस्चित गर्ने ।

ट० व्यवस्थापन समितिको बैठक चौमासिक रुपमा र आवश्यकता अनुसार बस्ने र भएका प्रगति विवरण एवं सम्पूर्ण निर्णयहरु तिलगंगा आँखा प्रतिष्ठानको बाह्य कार्यक्रम विभागमा पठाउने ।

ठ० आँखा केन्द्रमा आइपर्ने भौतिक संरचना, मर्मत सम्भार र सेवाहरुमा आवश्यक पर्ने तथा आइपर्ने समस्याहरुको समाधानका लागि विभिन्न निकायहरु तथा साझेदार संस्थाहरुसँग समन्वय गरि श्रोत-साधन जुटाइ सेवाको दिगोपना तथा निरन्तर संचालन गर्ने ।

**६ ग्रामिण आँखा केन्द्रले गर्ने कार्यहरुः**

क। सबै जनताको पहुँचमा  गुणस्तरीय आँखा स्वास्थ्य सेवा प्रदान गर्ने ।

ख। आँखा केन्द्रमा पहिचान भएका मोतिविन्दुका विरामीहरुको लगत राखी तिलगंगा आँखा प्रतिष्ठानसँग समन्वय गरि शल्यक्रिया शिविरमा प्रेषण गर्ने  ।

ग। आँखा स्वास्थ्य कार्यक्रमलाई प्रवर्द्धन गर्न निरन्तर रुपमा समुदायको सहभागिता र सहकार्यलाई ग्राहयता दिने ।

घ। आँखा स्वास्थ्य सम्बन्धि विभिन्न कार्यक्रमहरु सञ्चालन गर्ने ।

ङ। आँखा स्वास्थ्य सेवालाई प्रभावकारी रुपमा सञ्चालन गर्न आँखा सेवा प्रदायक तथा नेपाल सरकारको स्वास्थ्य संस्थासंग समन्वय गर्ने  ।

च। गुणस्तरीय आंखा स्वास्थ्य सेवालाई विस्तार गर्दै लैजाने ।

छ। केन्द्र मा भईरहेको प्रगति विवरण आवश्यकतानुसार मासिक, त्रैमासिक, अर्ध वार्षिक तथा वार्षिक रुपमा सम्बन्धित संस्थाहरुमा पठाउने ।

ज। तिलगंगा आँखा प्रतिष्ठान र सहयोगी संस्थाप्रति उत्तरदायी हुने ।

**७ आँखा केन्द्रमा उपलब्ध हुने आँखा स्वास्थ्य सेवाहरु :**

क. बिरामीको दृष्टि तथा चश्मा जाँच

ख. विरामीको आँखा सम्बन्धी रोगहरुको परीक्षण तथा उपचार

ग. आँखाको सामान्य शल्यक्रिया

घ. सर्वसुलभ मुल्यमा औषधी तथा चश्माको बिक्री वितरण

ङ. जटिल समस्या भएका बिरामीहरुलाई थप सेवाको लागि तिलगंगा आँखा प्रतिष्ठानको नजिकको शाखा केन्द्रहरु वा अन्य आँखा अस्पताल/ उपचार केन्द्रमा रेफर गर्ने

च. आँखा रोग सम्बन्धी आकस्मिक सेवा प्रदान गर्ने

छ. आँखा स्वास्थ्य सम्बन्धि बाह्य कार्यक्रमहरु पालिकाको ग्रामिण क्षेत्रमा संचालन गर्ने तथा सेवाको पहुँच बढाउने

**८ अन्य सेवाहरु आँखा केन्द्रले तिलगंगा आँखा प्रतिष्ठानसँग समन्वय गरी तपशील अनुसारको कार्यक्रमहरु सञ्चालन गर्नेछ :**

क. आँखा उपचार सेवाको पहुँच नपुगेको ठाउँहरुमा आँखा शिविर सञ्चालन गर्ने
ख. विद्यालयहरुमा आँखा परीक्षण तथा आँखा स्वास्थ्य शिक्षा कार्यक्रम गर्ने
ग. विभिन्न माध्यमहरुबाट आँखा सम्बन्धी जनचेतनामुलक कार्यक्रम गर्ने
घ. समुदायमा आधारित स्वास्थ्य तथा अन्य सहकर्मीहरुलाई आँखा सम्बन्धी जनचेतना तथा क्षमता अभिवृद्धि गर्ने कार्यक्रम सञ्चालन गर्ने
ङ. तिलगंगा आँखा प्रतिष्ठान र सामुदायिक आँखा केन्द्रबाट लागु हुने आँखा स्वास्थ्य सम्बन्धी विभिन्न परियोजनाहरु सञ्चालन तथा समन्वय गर्ने ।

## परिच्छेद ३
## कर्मचारी सम्बन्धी व्यवस्थापन

**९ कर्मचारी सम्बन्धमा :** आँखा केन्द्र स्थापना हुने मितिभन्दा कम्तिमा १ महिनापुर्व देहाय अनुसार कर्मचारीलाई नियुक्त गरिसक्नुपर्ने छ। नियुक्तिपश्चात उक्त कर्मचारीहरुलाई तिलगंगा आँखा प्रतिष्ठानको शाखामा कम्तिमा १५ (पन्ध्र )दिन अभिमुखीकरणमा अनिवार्य सहभागी गराउनुपर्ने छ।
यस केन्द्र मा तपशिल अनुसारको जनशक्ति रहने छन्
१ नेत्र सहायक १ जना नेपाल स्वास्थ्य व्यावसायी परिषद् मा दर्ता भएको नेत्र सहायक हुनुपर्ने र स्थानीयतहको पाचौ तहमा रहनेछ ।
२. अप्टिकल फिटर १ जना (कम्तिमा १० कक्षा पास गरि अप्टिकल फिटिङ्ग सम्बन्धि तालिम लिएर प्रमाणपत्र भएकालाइ प्राथमिकता दिने र प्रमाणपत्र भएका उम्मेदवार नभएमा छनौट भएको उम्मेदवारले अनिवार्य तालिम लिई सेवा सुचारु गर्नुपुर्व प्रमाणपत्र पेश गर्नुपर्ने र स्थानीयतहको कार्यालय सहयोगी पदमा रहनेछ ।

**१०. अप्टिकल फिटरको काम, कर्तव्य र अधिकार :**

क. ग्रामिण आँखा केन्द्रको सरसफाई
ख. उपकरणहरुको हेरचाह,तथा सरसफाई
ग. टिकट काट्ने तथा बिल बनाउने
घ. चश्मा तथा औषधिहरुको मौज्दात गणना
ङ. दैनिक आम्दानी तथा खर्चको विवरण राख्ने
च. चश्मा फिटिङ
छ. चश्माको अर्डर लिने तथा बनाउने
ज. आवश्यक लेन्स तथा फ्रेमको माग फारम भर्ने

**११. नेत्र सहायकको काम, कर्तव्य र अधिकार :**

क. बिरामीको दृष्टि तथा चश्मा जाँच

ख. विरामीको आँखा सम्बन्धी रोगहरुको परीक्षण तथा उपचार

ग. आँखाको सामान्य शल्यक्रिया

घ. सर्वसुलभ मुल्यमा औषधी तथा चश्माको बिक्री वितरण

ङ. जटिल समस्या भएका बिरामीहरुलाई थप सेवाको लागि तिलगंगा आँखा प्रतिष्ठानको नजिकको शाखा केन्द्रहरु वा अन्य आँखा अस्पताल/ उपचार केन्द्रमा रेफर गर्ने ।

च. आँखा रोग सम्बन्धी आकस्मिक सेवा प्रदान गर्ने

छ. आँखा स्वास्थ्य सम्बन्धि बाह्य कार्यक्रमहरु पालिकाको ग्रामिण क्षेत्रमा संचालन गर्ने तथा सेवाको पहुँच बढाउने ।

ज. आँखा उपचार सेवाको पहुँच नपुगेको ठाउँहरुमा आँखा शिविर सञ्चालन गर्ने

झ. विद्यालयहरुमा आँखा परीक्षण तथा आँखा स्वास्थ्य शिक्षा कार्यक्रम गर्ने

ञ. विभिन्न माध्यमहरुबाट आँखा सम्बन्धी जनचेतनामुलक कार्यक्रम गर्ने

ट. समुदायमा आधारित स्वास्थ्य तथा अन्य सहकर्मीहरुलाई आँखा सम्बन्धी जनचेतना तथा क्षमता अभिवृद्धि गर्ने कार्यक्रम सञ्चालन गर्ने

ठ. तिलगंगा आँखा प्रतिष्ठान र सामुदायिक आँखा केन्द्रबाट लागु हुने आँखा स्वास्थ्य सम्बन्धी विभिन्न परियोजनाहरु सञ्चालन तथा समन्वय गर्ने ।

## परिच्छेद ४
## कोषको स्थापना, लेखा र लेखापरिक्षण

**१२ कोषको स्थापना :** (१) आँखा केन्द्रको सञ्चालन र व्यवस्थापनको लागि छटै कोषको स्थापना गर्न सकिनेछ ।

(२ )कोषको खाता आखाँ केन्द्र रहने सम्बन्धित वडा अध्यक्ष र नेत्र सहायकको सयुक्त दस्तखतमा सञ्चालन गरिनेछ ।

(३)कोषको प्रयोग केन्द्रको सञ्चालन तथा व्यवस्थापनमा मात्र गर्न सक्नेछ ।

**१३.कोषमा जम्मा हुने रकम :** कोषमा देहाय अनुसार रकम जम्मा गर्न सकिनेछ ।

(१) नेपाल सरकार द्धारा प्रदान गरिएको अनुदान तथा सहयोग

(२) प्रदेश तथा स्थानीयद्धारा प्रदा गरिएको अनुदान तथा सहयोग

(३) कुनै सघसस्था तथा व्यक्ति वा समुहद्धारा प्रदा गरिएको अनुदान तथा सहयोग

(४) केन्द्रद्धारा उठाइएको शुल्क आदि

**१४. कोषको खर्च :** केन्द्रले तुरुन्त रु २० हजार सम्मको खर्च केन्द्र सञ्चालन तथा व्यवस्थापनको लागि गर्न सक्नेछ । २० हजार भन्दा बढी खर्च गर्नुपर्ने भएमा समितिको निर्णयअनुसार हुनेछ ।

**१५.कोषको लेखाः** (१) केन्द्रले कोषको लेखा चुस्त दुरुस्त राख्नुपर्ने छ र समितिको मासिक बैठकमा आयव्याय समितिको आर्थिक प्रतिवेदन पेश गर्नुपर्नेछ ।

( २) केन्द्रले वार्षिक प्रतिवेदन समितिमा छलफल गरी कार्यपालिका मार्फत सभामा पेश गर्नुपर्नेछ।

**१६ कोषको लेखा परिक्षण :** १) कोषको आन्तरिक लेखापरिक्षण गाउँपालिका द्वारा गरीनेछ । कोषको अन्तिम लेखापरिक्षण महालेखापरिक्षाकद्वारा हुनेछ ।

## परिच्छेद ५
## कार्यक्षेत्र

### १७ गाउँपालिकाको कार्यक्षेत्रः

क। जुगल गाउँपालिकाको कार्यपालिकाले वा गाउँ सभाले आँखा केन्द्र संचालनको लागि निर्णय गराई तिलगंगा आँखा प्रतिष्ठानलाई अनुरोध पत्र लेखि पठाउने ।

ख। गाउँपालिकाबाट यो सम्झौताको आधारमा आँखा स्वास्थ्य सेवा संचालन निर्देशिका बनाइ कार्यन्वयन गर्ने वा पालिकाबाट आँखा स्वास्थ्य सेवा निर्देशिका बनिसकेको भएमा यस सम्झौता सँग मिल्ने गरि परिमार्जन गरि कार्यान्वयन गर्ने ।

ग। आँखा सेवाको लागी स्थानिय स्वास्थ्य शाखाको अन्तर्गत एकिकृत सेवा हुने गरि गाउँपालिकाको भवनमा र अस्पताल निर्माण पश्चात अस्पतालमा आँखा सेवा संचालन गर्न आवश्यक कम्तिमा ३(कम्तिमा ३ मिटर चौडाई भएको ) कोठा सहित आवश्यक फर्निचरको ब्यवस्थापन गर्ने ।

घ। आँखा केन्द्र संचालनको लागि एक जना नेत्र सहायक र एक जना चश्मा फिटर गाँउपालिकाको दरबन्दीमा रहने गरी नियुक्ति गर्ने र कर्मचारीलाई नियमानुसार पहिलो वर्ष ५०%, दोश्रो वर्ष ७०%, तेश्रो वर्ष ८०% र चौंथो वर्षदेखि सम्पूर्ण तलब तथा भत्ता निरन्तर प्रदान गर्ने ।

ङ। केन्द्रबाट संकलित रकम व्यवस्थापनको लागि पालिकाले नीति नियम बनाउने र वार्षिक रुपमा आँखा स्वास्थ्यको कार्यक्रम तथा आँखा केन्द्र संचालनको लागि आवश्यक बजेट बिनियोजन गर्ने ।

च। आँखा केन्द्र बाहिर बाह्य कार्यक्रम सञ्चालनकों लागि तिलगंगा आँखा प्रतिष्ठानसँग सहकार्य गर्ने । विशेष अवस्थामा अन्य संस्थासँग सहकार्य गर्नु परेमा तिलगंगा आँखा प्रतिष्ठानबाट पूर्व स्वीकृति आवश्यक रहने ।

छ. आँखा केन्द्र तथा आँखा स्वास्थ्य सेवाको तथ्यांक तिलगंगा आँखा प्रतिष्ठानको शाखा केन्द्रहरुमा मासिक रुपमा पालिका स्वास्थ्य शाखाले पठाउने वा केन्द्रले पठाएको सुनिस्चित गर्ने।

**१८ तिलगंगा आँखा प्रतिष्ठानको कार्यक्षेत्रः**

क। आँखा केन्द्र स्थापनाको लागि एक पटक आवश्यक उपकरण तथा औजारहरु उपलब्ध गराउने ।( उपकरणको विवरण अनुसूची १ मा उल्लेख गरिएको छ )

ख। आँखा केन्द्रमा नियुक्त कर्मचारीलाई पालिकाको नियमानुसार पहिलो वर्ष ५०%, दोश्रो वर्ष ३०% र तेश्रो वर्ष २०% का दरले तलव भत्ताको ब्यवस्था गर्ने।

ग। आँखा केन्द्रको सञ्चालन गर्नको लागी आवश्यक प्राविधिक तथा व्यावस्थापकिय सहयोग गर्ने ।

घ। जुगल गाउँपालिकामा वाह्य कार्यक्रमहरु (आँखा शिविर, आधारभुत आँखा स्वास्थ्य तालिम तथा जनचेतना, औजार मर्मत सम्भार) सञ्चालन गर्न वार्षिक रुपमा स्थानीय तहको नीति तथा कार्यक्रममा उल्लेख गर्ने तथा पालिका सँगको साझेदारीको सुनिश्चितता गर्ने।

ङ। आँखा केन्द्रमा आवश्यक पर्ने चश्मा तथा औषधि उपलब्ध गराउन समन्वय गर्ने गराउने ।

च। आँखा केन्द्रको अनुगमन तथा मुल्याङ्कन गर्ने ।

छ। आँखा केन्द्र तथा आँखा स्वास्थ्य सेवाको तथ्यांक मासिक रुपमा जुगल गाउँपालिकाको स्वास्थ्य शाखाबाट वा आँखा केन्द्रबाट सिधै प्राप्त भएको सुनिस्चित गर्ने ।

तिलगंगा आँखा प्रतिष्ठान तथा यसका शाखाले गर्ने बाह्य कार्यक्रममा आँखा केन्द्रका कर्मचारीहरु आवश्यकता अनुसार परिचालन गर्दा उक्त कर्मचारीको दैनिक भत्ता, तथा यातायात खर्च स्थानीय सरकारको नियमानुसार प्रदान गर्ने।

## परिच्छेद ६
## विविध

**१९ आधिकारिकताः** (१)यस आँखा केन्द्र जुगल गाउँपालिकाको स्वास्थ्य शाखाको एकिकृत स्वास्थ्य सेवाको अंग रहने छ र साझेदार संस्था नेपाल आँखा कार्यक्रम-तिलगंगा आँखा प्रतिष्ठान रहनेछ आँखा केन्द्रको बोर्ड तथा ब्यानरमा साझेदार संस्था, सहयोगी संस्था तथा पालिकाको आफ्नो चिन्ह( Logo) रहने छ, आँखा केन्द्रको बोर्डको नमूना अनुसुचि १ बमोजिम प्रतिष्ठानले उपलब्ध गराउनेछ ।

(२)केन्द्रको छाप अनुसुचि-२ बमोजिम हुनेछ ।

(३) केन्द्रको ओ.पि.डि कार्ड अनुसुचि-३ बमोजिम हुनेछ ।

(४) केन्द्रको टिकट अनुसुचि-४ बमोजिम हुनेछ ।

(५) केन्द्रको बिल अनुसुचि-५ बमोजिम हुनेछ ।

(६) केन्द्रको लेटर प्याड अनुसुचि-६ बमोजिम हुनेछ ।
(७) केन्द्रको ग्लास प्रेस्किप्सन अनुसुचि-७ बमोजिम हुनेछ ।

२० **सम्पतिको हस्तान्तरण तथा जिम्मेवारीः** तिलगंगा आँखा प्रतिष्ठानले खरिद गरेका उपकरणहरु आँखा केन्द्र स्थापनाको समयमा आँखा केन्द्रको नाममा हस्तान्तरण गरी दिने छ र जुगल गाउँपालिकाले उक्त उपकरणहरु बुझिलीई आफ्नो पालिकाको भौतिक सम्पतिको रुपमा जिन्सी दाखिला गरि प्रमाणित प्रतिलिपि तिलगंगा आँखा प्रतिष्ठानलाई प्रदान गर्नुपर्ने छ ।साथै प्रतिष्ठानबाट प्राप्त भएका औषधि, चश्मा तथा अन्य सामाग्रीहरु खर्च भएर जाने जिन्सी खातामा दाखिला गरि प्रमाण पठाउनु पर्ने छ ।

तिलगंगा आँखा प्रतिष्ठानबाट आँखा केन्द्रलाइ प्रदान गरिने उपकरण,औषधि,चश्मा तथा अन्य सामाग्रीहरु हस्तान्तरण गर्दा, जुगल गाउँपालिकाले बुझिलिएको र जिन्सी दाखिला गरेको प्रमाण पेश गरेपश्चात, सामाग्री बुझिलिएका कर्मचारीको दायित्वमा नरहने र स्वत गाउँपालिकाको नाममा हस्तान्तरण हुनेछ ।
**२१ आँखा केन्द्र संचालनमा बाधा आएमा :** विभिन्न कारणले गाउँपालिकाले आँखा केन्द्र संचालन गर्न नसक्ने अवस्था सिर्जना भएमा तिलगंगा आँखा प्रतिष्ठानले सेवा सुचारु गर्नका लागि प्राविधिक सहयोग प्रदान गरिरहने छ र तत्पश्चात पनि संचालन हुन नसकेमा  जुगल गाउँपालिकाको सहमतिमा यहि पालिकाको अन्य कुनै स्थान वा अन्य कुनै पालिकामा सो उपकरणहरु प्रयोग गरि सेवा संचालन गरिने छ । उपकरणहरु स्थानान्तरण गर्दा अन्य पालिकामा लग्नुपर्ने भएमा जुगल गाउँपालिकाले आफ्नो जिन्सी खाताबाट लगत कट्टा गरि पालिकालाई वा तिलगंगा आँखा प्रतिष्ठानलाइ हस्तान्तरण गरि दिन सकिने छ ।

अनुसुचि-१

केन्द्रको बोर्ड




## अनुसुचि-२

२ केन्द्रको छाप

## अनुसुचि-३

३ ओ.पि.डि कार्ड



जुगल गाउँपालिका
सिन्धुपाल्चोक

ग्रामीण आँखा केन्द्र
जुगल गाउँपालिका, सिन्धुपाल्चोक
फोन नं.:

नेपाल आँखा कार्यक्रम
तिलगंगा आँखा प्रतिष्ठान
काठमाण्डौं

**Out patients card**

Name: Patient No.
Age: Sex: Date:
Address: Phone:

Visual Acuity

Refraction

| | RE | LE | Remarks |
|---|---|---|---|
| Unaided | | | |
| With Glass | | | |
| With Pinhole | | | |

Chief Complains:

Examination:

Investigation:

BP:

IOP: RE LE

Syr: RE LE

Schirmer: RE LE

Others:

Prov. Diagnosis:

Treatment/Advised:

# अनुसुचि-४

## केन्द्रको टिकट

जुगल गाउँपालिका
सिन्धुपाल्चोक

ग्रमिण आखा केन्द्र
जुगल गाउँपालिका,सिन्धुपाल्चोक

नेपाल आँखा कार्यक्रम
तिलगंगा आँखा प्रतिष्ठान काठमाण्डौ


**Name ……………………………………………………………………………………………………**

**Age………………………… Sex………….. Phone…………………………………………………..**

**Add…………………………………………………………………………………………………..**

**Date …………………………………OPD NO……………………………………………………..**

**कृपया अर्को पटक आँउदा यो कार्ड साथमा लिएर आउनु होला ।**
**अन्यथा नयाँ दर्ता शुल्क लाग्ने छ ।**



अनुसुचि-६

केन्द्रको लेटर प्याड

जुगल गाउँपालिका

गाउँ कार्यापालिकाको कार्यालय

**जुगल ग्रामीण आँखा केन्द्र**

बराम्ची, सिन्धुपाल्चोक

बाग्मती प्रदेश,नेपाल

प.स.:२०८०।०८१ मिति :

च.न.:

अनुसुचि-७

ग्लास प्रेस्क्रिप्सन

जुगल गाउँपालिका
सिन्धुपाल्चोक

ग्रामिण आखा केन्द्र
जुगल गाउँपालिका,सिन्धुपाल्चोक

नेपाल आँखा कार्यक्रम
तिलगंगा आँखा प्रतिष्ठान काठमाण्डौ

Name ................................................ Age/Sex ............................

Address .....................................................................OPD No....................................

| | RIGHT EYE | | | | LEFT EYE | | | |
|---|---|---|---|---|---|---|---|---|
| | SPH | CYL | AXIS | VISION | SPH | CYL | AXIS | VISION |
| Distance | | | | | | | | |
| Near (Add) | | | | | | | | |